मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मितिः २०७९/०९/११ बैठक सङ्ख्याः ०७

बैठक प्रारम्भ समयः १२:०० बजे अपरान्ह बैठक समापन समयः ०३:०० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | १ नं. वडा अध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | २ नं. वडा अध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | ३ नं. वडा अध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | ४ नं. वडा अध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | ५ नं. वडा अध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | सदस्य | | |
| 10. | श्री सरिता गहते | सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | सदस्य | | |
| 12. | श्री सलिना बराईली | सदस्य | | |
| 13. | श्री मदन कुमार विक | सदस्य | | |

अन्य उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| १ | श्री गजेन्द्र थलङ | योजना शाखा प्रमुख | | |
| २ | श्री पवन भट्टराई | प्रशासन शाखा प्रमुख | | |
| ३ | श्री लक्ष्मी मगर | क.अ. | | |
| ४ | श्री प्रशान्त खतिवडा | लेखा शाखा प्रमुख | | |
| ५ | श्री सुमन गिरी | सूचना प्रविधि अधिकृत | | |
| ६ | श्री घनेन्द्र थापा | निजि सचिव | | |

**निर्णय नं. ०१,** मिक्वाखोला गाउँपालिका वडा नं.-०४, साँवाको निर्णयार्थ माग निवेदन बमोजिम वडा नं. ४ सावा र वडा नं. ०५ पापुङ प्रयोजनार्थ र वडा नं. ०१ खोक्लिङ स्वास्थ्य चौकीको निर्णयार्थ माग निवेदन बमोजिम वडा नं. १ ,२ खोक्लिङ र वडा नं. ३ लिवाङ प्रयोजनार्थ एम्बुलेन्स खरिदको लागि क्याटलग विधिवाट गाउँपालिकाले कोटेसन सूचना आव्हान गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ०२,** चालु आ.व. २०७९/८० मा डिपिआर शिर्षकमा विनियोजित रकमबाट फुङफुङगे झरना मिक्वाखोला-०४ को डिपिआर गर्ने र निम्न झोलुङ्गे पुल, सिचाई तथा सडक योजनाहरुको लागि परामर्श सेवाबाट डिपिआर गर्ने निर्णय गरियो ।

निम्नः

१. तोक्पेगोला छेरेक्मा झोलुङगे पुल मिक्वाखोला ५ पापुङ ।
२. ओत्रोक्मा वालदेन जोड्ने झोलुङगे पुल मिक्वाखोला ४ साँवा र ५ पापुङ ।
३. भस्मेखोला-खत्रीगाउँ-दुङजा-भञ्ज्याङ सिचाई मिक्वाखोला-०१ खोक्लिङ ।
४. मानेडाँडा गैरीगाउँ देखी चर्च सम्म मोटरबाटो निर्माण मिक्वाखोला-०१ खोक्लिङ ।

**निर्णय नं. ०३,** मिक्वाखोला गाउँपालिका वडा नं. ३ लिवाङमा संचालित गरिव सँग विशेश्वर कार्यक्रमको कर्मचारी सरिता ईवारम को कालगतिले निधन भएकोले उक्त पद रिक्त रहेको हुँदा विज्ञापन गरी रिक्त पदपर्ती गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ०४,** गाउँपालिका भित्रको स्वास्थ्य चौकीमा करार सेवामा कार्यरत निम्न कर्मचारीहरुको कार्यालयमा अनुपस्थित भएको अवधी सम्मको तलब रोक्का गर्ने निर्णय पारित गरियो ।

**निम्नः**

| क्र.सं. | कर्मचारीको नाम | पद | उपस्थित भएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | सुर्य लिम्बु | हे.अ. | मंसिर १० | |
| २ | रेहा थापा | अ.न.मी. | मंसिर १० | |
| ३ | रचना थलङ | हे.अ. | मंसिर १० | |
| ४ | अनिल कुमार यादव | अ.हे.व. | मंसिर १० | |
| ५ | लिला कुमारी लिम्बु | अ.न.मी. | मंसिर २० | |
| ६ | लाक्पाकी शेर्पा | अ.न.मी. | पुष १० | |

**निर्णय नं. ०५,** मिक्वाखोला गाउँपालिका अन्तर्गत वडा नं. १ खोक्लिङ स्वास्थ्य चौकीमा कार्यरत एसविए अनमी शोभा दाहाल लाई वडा नं. ०४ साँवा स्वास्थ्य चौकीमा कामकाज गर्न खटाउने निर्णय पारित गरियो ।

**निर्णय नं. ०६,** मिक्वाखोला गाउँपालिकाको **"एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"** पारित गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ०७,** मिक्वाखोला गाउँपालिका भित्रको भु-उपयोग निति पास गर्ने सम्बन्धमा निम्न बमोजिम क्षेत्र निर्धारण गरि जग्गा वर्गिकरण गर्ने निर्णय पारित गरियो ।

**वडा नं. ०५ पापुङ**

(१) कृषि क्षेत्रः मिक्वाखोला वडा नं. ०५ पापुङको साविक पापुङ गा.वि.स. वडा नं. १,२,३,४,५,६,७,८ र ९ ।

(२) आवासिय क्षेत्रः साविक पापुङ ७ देखी वडा कार्यालय सम्म सडकको १० मिटर तलमाथी ।

(३) बन क्षेत्रः सामुजी बन क्षेत्र, दामाले बन क्षेत्र, ग्यासी पेम्बा, भेडीचोक, ईमुसे भित्र रमिते बन, सिमसिमे बन क्षेत्र, लोदेन बन र तोक्पेगोला बन ।

(४) सिमसार क्षेत्रः छवोइथागा छुचा, छोइला, साजुतिन पोखरी, लाम पोखरी क्षेत्र र लिदेन पोखरी ।

**निर्णय नं. ०८,** गाउँपालिका अन्तर्गतको लिवाङ र पापुङ प्रहरी चौकी, वडा नं. १,३,४ र ५ को वडाध्यक्ष तथा कर्मचारीहरुलाई अपुग निम्न बमोजिमको सवारी साधन खरिद गर्ने निर्णय पारित पारित गरियो ।

**निम्नः**

| क्र.सं. | सवारी साधनको किसिम | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | YAMAHA-V2 Motorcycle | 4 PCS | |
| २. | X-PULSE Short Body Motorcycle | 4 PCS | |

**निर्णय नं. ०९,** आ.व. २०८०/८१ मा संचालन हुनेगरी निम्न योजनाहरु छनौट गरि संघीय सरकार तथा प्रदेश सरकार सँग समपुरक अनुदान, विषेश अनुदान शिर्षक अन्तर्गत रकम माग गरि पठाउने निर्णय पारित गरियो ।

**निम्नः**

| क्र.सं. | योजनाको नाम | माग गर्ने निकाय | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | डाँडागाउँ लिवाङ-साँवा-पापुङको मोटरबाटो स्तरउन्नती | संघीय शशर्त अनुदान | १० करोड | |
| २ | खोक्लिङ-लिवाङ मोटरबाटो स्तरउन्नती | प्रदेश समपुरक अनुदान | २ करोड | |
| ३ | फुङफुङगे झरना पर्यटकीय क्षेत्र विस्तार | राष्ट्रिय योजना आयोग विशेष अनुदान | २ करोड | |
| ४ | दगुर्ने देखी मिक्वाखोला गाउँपालिका वडा नं. २ को वडा कार्यालय र थापागाउँ हुदै मोती मा.वि. सम्म मोटरबाटो स्तरउन्नती | प्रदेश समपुरक अनुदान | २ करोड | |
| ५ | मानेडाँडा देखी गैरीगाउँ चर्च सम्म मोटरबाटो स्तरउन्नती | प्रदेश समपुरक अनुदान | २ करोड | |
| ६ | मिक्वाखोला अस्पताल भवन निर्माण | प्रदेश समपुरक अनुदान | २ करोड | |
| ७ | मिक्वाखोला गाउँपालिका प्रशासकीय भवन निर्माण | प्रदेश समपुरक अनुदान | ५ करोड | |
| ८ | स्वास्थ्य इकाई भवन निर्माण वडा नं. २ खोक्लिङ | प्रदेश समपुरक अनुदान | २ करोड | |

| | | | | |
|---|---|---|---|---|
| ९ | साँवा-पापुङ मोटरबाटो स्तरउन्नती | राष्ट्रिय योजना आयोग विशेष अनुदान | २ करोड | |
| १० | खोक्लिङ प्रहरी चौकी भवन निर्माण | संघीय र प्रदेश सरकार | २ करोड | |
| ११ | पापुङ स्वास्थ्य चौकी भवन निर्माण | संघीय सरकार | २ करोड | |
| १२ | तोक्पेगोला प्रहरीचौकी भवन निर्माण | प्रदेश सरकार | २ करोड | |
| १३ | किलिङ सामुदायिक स्वास्थ्य चौकी भवन निर्माण | संघीय र प्रदेश सरकार | २ करोड | |
| १४ | पापुङ सामुदायिक भवन निर्माण | संघीय र प्रदेश सरकार | २ करोड | |
| १५ | खोक्लिङ व्याडमिन्टन हल निर्माण | संघीय र प्रदेश सरकार | २ करोड | |
| १६ | खोक्लिङ चिस्यान केन्द्र निर्माण | संघीय सरकार | १ करोड | |
| १७ | मोती मा.वि. देखी वगाले सिरचेपा सम्म मोटरबाटो स्तर उन्नती | संघीय र प्रदेश सरकार | १ करोड | |
| १८ | सतीघाट धुले दोभान बाटो निर्माण | संघीय र प्रदेश सरकार | १ करोड | |
| १९ | साल्बोटे देखी चिलाउने चौतारा सम्म मोटरबाटो स्तर उन्नती | संघीय र प्रदेश सरकार | १ करोड | |
| २० | मोती मा.वि. खेल मैदान निर्माण | संघीय र प्रदेश सरकार | १ करोड | |
| २१ | सगरमाथा आधारभुत विद्यालय खेल मैदान निर्माण | संघीय र प्रदेश सरकार | १ करोड | |
| २२ | कमलेश्वर मन्दिर घेरावारा मिक्वाखोला-०२ | संघीय र प्रदेश सरकार | १ करोड | |
| २३ | महेश्वर शिवालय मन्दिर घेरावारा मिक्वाखोला-०१ | संघीय र प्रदेश सरकार | १ करोड | |

**निर्णय नं. १०,** मिक्वाखोला गाउँपालिका मेलमिलाप कर्ता सुचिकरण तालिम विशेष गाउँसभाबाट विनियोजित बजेट बाट संचालन गरिनेछ साथै तालिममा सहभागीहरुलाई दैनिक भत्ता स्वरुप रु. ५००।- को दरले दिने निर्णय पारित गरियो ।

**निर्णय नं. ११,** मिक्वाखोला गाउँपालिकाको कार्यालयलाई आवश्यक पर्ने रिक्त पद ईन्जिनियर प्रदेश लोकसेवा आयोगलाई माग गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १२,** मिक्वाखोला गाउँपालिकाबाट २०७९ मा फुङलिङ नगरपालिकाको आयोजनामा हुने मेयर कप भलिवलको लागि थप रकम, पुषेमेलाको आयोजनामा संचालन हुने भलिवल खेल र पाथीभरा पर्यटन महोत्सवमा प्रस्तुत भएको नाचगान कार्यक्रममा सहभागी हुनको लागि थप रु. ३ लाख रकम विनियोजन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १३,** यस मिक्वाखोला गाउँपालिकाबाट निकासी हुने गोलिया काठको विषयमा छलफल गर्दा गोलिया व्यापारीहरुबाट प्रति रुख रु. ५०।- (अक्षरेपी पचास रुपैया) को दरले निकासी दस्तुर लिने व्यवस्था सबै ( ५ वटै) वडा कार्यालयहरु मार्फत गर्ने निर्णय पारित गरियो ।

मिक्वाखोला गाउँपालिकाको कार्यालय, थलुङ, ताप्लेजुङ, प्रदेश १, नेपाल

२०७९/०९/२९

**निर्णय नं. १४,** मिक्वाखोला गाउँपालिका भित्रको भु-उपयोग निति पास गर्ने सम्बन्धमा निम्न बमोजिम क्षेत्र निर्धारण गरि जग्गा वर्गिकरण गर्ने निर्णय पारित गरियो ।

**वडा नं. ०१ खोक्लिङ**

(१) कृषि क्षेत्रः दगुर्ने देखी मोती मा.वि. हुदै बगाले गाउँ, खत्रीगाउँ, दुङजा क्षेत्र तथा साविक १, २, ३ र ४ वडा क्षेत्र ।

(२) आवासिय क्षेत्रः हान्द्रुङ, गैरीगाउँ, डाँडागाउँ, साविक १,२,३ र ४ नं. वडा कार्यालय सम्म सडकको १० मिटर तलमाथी ।

(३) बन क्षेत्रः कात्तिके, सातपाखे, मानेडाँडा, सालघारी, नानेडाँडा गैरीडाँडा, तेर्सेकाली सामुदायिक बन क्षेत्र।

(४) सिमसार क्षेत्रः पोखरी भएको खत्री गाउँ र गैरी गाउँ क्षेत्र ।

**वडा नं. ०२ खोक्लिङ**

(१) कृषि क्षेत्रः दगुर्ने देखी वेसी गाउँ, खैरेनी, थापा गाउँ, ओझागाउँ, वैराखु क्षेत्र तथा साविक ५, ६, ७, ८ र ९ वडा क्षेत्र ।

(२) आवासिय क्षेत्रः दगुर्ने साविक ५, ६, ७, ८ र ९ वडा क्षेत्र ।

(३) बन क्षेत्रः सल्लेरी सामुदायिक बन, तेर्से पाथीभरा बन, वैराखु बन क्षेत्र।

(४) सिमसार क्षेत्रः वैराखु, तेर्से पाथीभरा र बाघथला क्षेत्र ।

(५) पर्यटकीय क्षेत्रः बाघथला पर्यटकीय क्षेत्र ।

**वडा नं. ०३ लिवाङ**

(१) कृषि क्षेत्रः शान्ती चोक, सिकिनिम, बडहरे, सिम, साम्बुक, चिनावुङ, काँडे, बाटोघर साविक सवै वडा क्षेत्र ।

(२) आवासिय क्षेत्रः शान्तीचोक, वाक्लो गाउँ, बाटोघर, सिकिनिम टोल, पिपिनिम टोल, मा.वि.विद्यालय टोल, काडे, सरजा, चिनावुङ, हाङसाङ चोक, फुकान्देन, योक्मा टोल क्षेत्र ।

(३) बन क्षेत्रः च्यानडाँडा, लालीगुरास, चिनावुङ, सरजा, लुम्मा बन क्षेत्र।

(४) सिमसार क्षेत्रः सिमटार, काँडे क्षेत्र ।

(५) पर्यटकीय क्षेत्रः भुल्के (काडे) क्षेत्र ।

**वडा नं. ०४ साँवा**

(१) कृषि क्षेत्रः दलैचा, तेम्बाटोल, तुम्बायक, याक्चिक्पा, साँवा मा.वि. टोल, सोनेम, थलङ, खान्ताङ, लप्सिबोटे, वोरिङटोल क्षेत्र ।

(२) आवासिय क्षेत्रः सावा मा.वि. टोल, तेम्बा टोल, तुम्वायक, याक्चिक्पा, दलैचा, सोनेम, थलङ भोटेगाउँ, गुरुङ टोल, अम्मेपा, पालिका केन्द्र टोल, दलित टोल, लप्सिबोटे, खान्ताङ टोल, चङवाङ टोल, मादेन टोल, यलम्बर टोल क्षेत्र ।

(३) बन क्षेत्रः मानाभरा, फुङफुङगे, चोक्टेपातल, सिम्सेलुङ बन क्षेत्र।

(४) सिमसार क्षेत्रः ओत्रोक्मा पोखरी, खोदुङमा, ओदोक्पे, पावाखोला, फुङफुङगे, ल्याङवा, हेम्बाखोला क्षेत्र ।

(५) पर्यटकीय क्षेत्रः फुङफुङगे झरना, ओत्रोक्मा पोखरी, मानाभरा डाँडा, वाग्वा पोखरी, माङगेनायक, गुम्बा (टाँसीछ्योलिङ/टाँसीछोकर), अईखा टार क्षेत्र ।

मिक्वाखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थलङ, ताप्लेजुङ १ नं. प्रदेश, नेपाल





२०७९।१०।२७।

**निर्णय नं. १५,** प्रदेश लोकसेवा आयोग प्रदेश नं. ०१ विराटनगरको मिति २०७९/०८/२१, च.नं. ५७५ को परिपत्रमा उल्लेख भएको उक्त आयोगको मिति २०७९/०८/१३ को बैठक निर्णय नं. ४ (ख) बाट यस गाउँपालिकाको सम्मानित नवौं गाउँसभाबाट पारित **"कर्मचारी व्यवस्थापन सेवा शर्त सम्बन्धी ऐन २०७७"** र संघीय लोकसेवा कार्यालयको विज्ञापन र संघीय लोकसेवा कार्यालयको प्रतिनिधि सहित प्रचलित ऐन कानुन र मापदण्ड पुरा गरी सिफारिस भए अनुसार गरिएको मान बहादुर पालुङवाको बढुवा सम्बन्धी मिति २०७७/०५/२६ को यस गाउँ कार्यपालिकाको निर्णय नं. १ बदर नेपालको संविधान २०७२ को अनुसुची ८ को स्थानीय तहको एकल अधिकार अन्तर्गत स्थानीय सरकारले कानुन बनाउन सक्ने व्यवस्था, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको स्थानीय तह सरकारको अधिकार माथीको हस्तक्षेप भएको ठहर गर्दै मूलत संविधान र स्थानीय सरकार संचालन ऐन-२०७४ को भावना र मर्मत विपरित भएकोले सम्मानित अदालतबाट यस प्रकारको आदेश नभए सम्म उक्त निर्णय कार्यान्वयन नगर्ने सर्मसम्मतले निर्णय गरियो । यस प्रकारको स्थानीय तह सरकार माथिको अधिकार क्षेत्र हस्तक्षेप संविधान र स्थानीय तह सरकार संचालन ऐन २०७४ को मर्म र भावना विपरित भए गरेका परिपत्र बारे गाउँपालिका महासंघ र मुख्य मन्त्रीको कार्यालयमा निवेदन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**निर्णय नं. १६,** जिल्ला ताप्लेजुङ मिक्वाखोला गाउँपालिका वडा नं. ०४ साँवा मा वि.सं. २०१९ सालमा स्थापना भएको श्री साँवा माध्यमिक विद्यालयको कच्ची पुरानो भवन बाट पठनपाठन हुँदै आएकोले जीर्ण भवन र अप्रयाप्त कक्षाकोठाको कारण दैनिक कक्षा सञ्चालनमा समस्या भइरहेकोले विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा दिन समेत नसकिएको अवस्था रहेको छ । विद्यालयको भवन निर्माणका लागि गाउँपालिका सँग समेत रकम अभाव भएको हुँदा भवन निर्माणको लागि लाग्ने कुल रकमको २०% (बिस प्रतिशत) हुन आउने रकम गाउँपालिकाले व्यहोर्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं मार्फत नेपाल स्थित भारतीय राजदुतावासको **"साना विकास परियोजना (Small development program)"** मा योजना माग गरी पठाउने निर्णय पारित गरियो ।

**निर्णय नं. १७,** मिक्वाखोला गाउँपालिका वडा नं. ०४ थलङमा अवस्थित **"सिमिक्लुङ किराँत हाङसाम माङहिम"** को मन्दिर/भवन निर्माण गर्नको लागि गाउँपालिका कार्यालयले परामर्श सेवा लिई विस्तृत परियोजना प्रस्ताव (DPR) गर्ने र प्रदेश सरकार र संघीय मन्त्रालयहरुमा भवन निर्माणको लागि माग पठाउने निर्णय पारित गरियो ।

**निर्णय नं. १८,** मिक्वाखोला गाउँपालिका वडा नं. ०४ साँवामा निर्माणाधिन साँवा स्वास्थ्य चौकीको ५ शैया अस्पताल भवनले मिक्वाखोला-०४ निवासी हरेराम लिम्बुको जग्गा क्षति पुऱ्याएको कारण नीज जग्गाधनीहरु मर्कामा पर्ने भएको कारण क्षतिपुर्ती वापत रु. १०००००।- (अक्षरेपी एक लाख रुपैया) निज जग्गावालाको छोराहरु **अनिस लिम्वु र मनिष लिम्बुलाई** विविध खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय पारित गरियो ।

मिक्वाखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थलङ, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल



२०७९/०९/२४

**निर्णय नं. १९,** यस मिक्वाखोला गाउँपालिका वडा नं. ०४ फुङफुङगे झरनामा अवस्थित फुङफुङगे देवी मन्दिरको पुजारी मिक्वाखोला-४ साँवा निवासी **उजिर बहादुर लिम्बुलाई** रु. ५००००।– (अक्षरेपी पचास हजार रुपैया) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

**निर्णय नं. २०,** यस मिक्वाखोला गाउँपालिका वडा नं. ०३ लिवाङमा सञ्चालित **गरीब सँग विश्वेश्वर कार्यक्रमको** सामाजिक परिचालिक पदमा कार्यरत वडा नं. ०३ लिवाङ निवासी सरिता ईवारम लिम्बु उक्त पदमा कार्यरत अवस्थामा नै मिति २०७९ मंसिर ०४ गते असामयिक निधन भएको हुँदा निजको परिवारलाई काजक्रिया स्वरुप विविध शिर्षकबाट रु. ५००००।– (अक्षरेपी पचास हजार रुपैया) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

*<u>आजको वैठक यहि अन्त्य गरियो ।</u>*